## फोहोरमैला व्यवस्थापनका लागि व्यवस्थापकीय सेवा करारमा लिने सम्बन्धी

# सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०७९।०८।२०)

इच्छाकामना गाउँपालिका क्षेत्र भित्रबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनको कार्य गाउँपालिकाबाट तयार गरिएको कार्यशर्तका अधिनमा रही तपसिल बमोजिमको शर्त बन्देजका आधारमा व्यवस्थापन करार गर्नुपर्ने भएकोले उक्त कार्य गर्न योग्य ईच्छुक दर्तावाला संस्थाले यस कार्यालयमा देहाय अनुसार प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

देहाय

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औ दिन सम्म कार्यालय समय सम्ममा प्रस्ताव दर्ता गर्न सकिनेछ।

२. स्वीकृत प्रस्तावकसँग बढिमा पाँच वर्षका लागि इच्छाकामना गाउँपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन सम्बन्धी सम्झौता हुनेछ। सो अवधिमा भएको कामको प्रगति समेतका आधारमा दुबै पक्षको सहमतिमा म्याद थप गर्न सकिने प्रावधान रहने छ। प्रस्तावकको प्रस्तावमा फोहोर उत्पादन स्थल देखिनै फोहोर विविधिकरण गरी 3R को आवधारणालाई कार्यान्वयनमा ल्याउने कार्य योजना समेत प्रस्तावसाथ प्रस्तुत हुनुपर्नेछ।

३. प्रस्तावकले आफ्नो प्रस्तावमा देहायका विवरण संलग्न गर्नुपर्नेछ।

क) संस्था दर्ता, नविकरण र कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।

ख) प्रस्तावकको प्रस्तावमा फोहोर उत्पादन स्थल देखिनै फोहोर विविधिकरण गरी 3R (Reduce, Reuse & Recycle) को आवधारणालाई कार्यान्वयनमा ल्याउने विधि र तरिका समेत उल्लेख भएको कार्ययोजना।

ग) फोहोरमैला व्यवस्थापनका लगि प्रस्तावकसँग रहेका स्रोत साधन तथा जनशक्तिको व्यवस्था।

घ) प्रस्तावकको फोहोरमैला व्यवस्थापन सम्बन्धमा हाल सम्म प्राप्त सफल अनुभवको विवरण।

४. प्रस्तावमा वार्षिक सेवा शुल्कको विवरण सहितको तालिका समेत पेश गरिएको हुनुपर्नेछ। त्यसरी प्रस्तुत भएको तालिकामा गाउँपालिकाले संलग्न शर्त बमोजिम वेहोर्ने खर्च समावेश गर्नुपर्ने छैन।

५. स्वीकृत प्रस्तावकले सम्झौता गर्नुपूर्व कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ।

६. प्रस्ताव साथ प्रस्तावदाता संस्था दर्ता तथा नविकरण भएका प्रमाण कागजात, कर दस्तुर तिरेका प्रमाण कागजात र फोहोरमैला व्यवस्थापन सम्बन्धी अनुभवका प्रमाण कागज पेश भएको हुनुपर्नेछ।

७. कुनै पनि प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार इच्छाकामना गाउँपालिकामा सुरक्षित रहनेछ।

२०७९।८।२०
जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत